"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, बबरमहल ।

## प्रेस विज्ञप्ति

मितिः २०८३/०५/२०

२०८३ साल भाद्र १० मा भोटेकोशी नदीमा आएको वाढीले रसुवा,नुवाकोट,धादिङ्ग,गोर्खा र चितवन लगायतका जिल्लाहरुमा अत्याधिक धनजनको क्षति भएकोले सो क्षेत्रमा भइरहेको उद्धार कार्यमा निगमद्वारा पेट्रोलियम पदार्थ तथा ग्यासको बिक्री वितरणको व्यवस्था मिलाइरहेको व्यहोरा आम सर्वसाधारणलाई विदितै छ। साथै २०८३ साल भाद्र १४ गते त्रिशुली नदीले पृथ्वी राजमार्गको कृष्णभिर खण्डमा कटान गरेको कारण बाटो अवरुद्ध भई सो रुटमा पेट्रोलियम ट्याकरहरु तथा ग्यास बुलेटहरु आउन नसक्ने अवस्था भएकाले काठमाडौं तथा आसपासका जिल्लाहरुमा वैकल्पिक रुपमा बाइरोड (त्रिभुवन राजपथ)को बाटोबाट पेट्रोलियम पदार्थ तथा ग्यासको आपूर्ति व्यवस्था तपसिल अनुसार भइरहेको छ।

<u>तपसिल</u>

१. पृथ्वी राजमार्ग अन्तर्गतको कृण्णभिर खण्डमा सडक भासिएको कारण पेट्रोलियम पदार्थ तथा एल.पि.ग्यासको आपूर्तिमा आएको समस्याको कारणले गर्दा निगमले काठमाडौं उपत्यकामा बिक्री वितरण गर्ने पेट्रोलियम पदार्थ बाइरोड (त्रिभुवन राजपथ)को बाटोबाट भित्र्याइरहेको छ भने एल.पि.ग्यास उद्योगहरुको हकमा हाललाई तराईका उद्योगहरुमा ग्यास सिलिण्डर भरी सोही बाटोबाट ल्याउने व्यवस्था मिलाएको छ। मिति २०८३/०५/१८ गते उपत्यकाको लागि विभिन्न ब्राण्डका करिव २४,५०० र मिति २०८३/०५/१९ गते करिव ३४,१३४ सिलिण्डर उपत्यका ल्याउने व्यवस्था मिलाउनुका साथै ग्यास उद्योगहरुलाई सार्वजनिक विदाका दिनहरुमा समेत ग्यासको रिफिलिङ्ग कार्य गर्न/गराउन तथा ढुवानी साधनहरुको अधिकतम् प्रयोग गरि वैकल्पिक मार्गबाट काठमाडौं क्षेत्रको लागि ग्यास ल्याई आपूर्ति व्यवस्था सूचारु राख्न निर्देशन दिइएको।

२. खोज तथा उद्धार कार्यमा संलग्न भएका हेलीकप्टहरुको लागी आवश्यक हवाई इन्धन नेपाली सेनासँगको समन्वयमा नुवाकोट स्थित नेपाली सेनाको व्यारेकबाट रिफ्यूलिङ्ग सेवाको प्रबन्ध मिलाएकोमा २०८३ साल भाद्र १० गतेका दिन देखि आज सम्म १,२०,००० लि.हवाई इन्धन रिफ्यूलिङ्ग कार्यको लागि पठाइसकिएको छ भने हालसम्म पनि नुवाकोट स्थित नेपाली सेनाको व्यारेकबाट रिफ्यूलिङ्ग कार्य नियमित भैरहेको छ।

३. खोज तथा उद्धार कार्यबाट रेस्क्यू गरि प्राभावित क्षेत्रका विभिन्न स्थानहरुका सेल्टरमा रहेका वाढी प्रभावित व्यक्तिहरुको लागी आवश्यक पर्ने एल.पि.ग्यास निगमको समन्वयमा नेपाल एल.पि.ग्यास उद्योग संघबाट उपलब्ध गराउने १,२५० थान मध्येबाट राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरवार काठमाडौंको अनुरोधमा रसुवा र नुवाकोट जिल्लामा हाल सम्म ५७५ थान एल.पि.ग्यास सिलिण्डर पठाउने व्यवस्था मिलाएको।

**धन्यवाद।**

प्रवक्ता